# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २२

“अब पशुहरूलाई सोध न, र तिनीहरूले तिमीलाई सिकाइदिनेछन्; अनि आकाशका पक्षीहरूलाई पनि सोध...यो कुराचाहिँ परमप्रभुकै हातले गरेको हो भनेर कसले जान्दैन र जसको हातमा हरेक जीवित प्राणीको प्राण छ?” (अय्यूब १२:७-१०)

## सलह

सलह भनेर चिनिने यो कीरा परमेश्वरको एउटा अचम्मलाग्दो सृष्टि हो। सलहको एउटा जातकी पोथीमा उसको शरीरको बीच भागको अगाडि अण्डा राख्ने विशेष अङ्ग (एक प्रकारको धारिलो चक्कुजस्तो) हुन्छ। अण्डा राख्ने समय भएपछि ऊ उपयुक्त रूखको हाँगामा बस्छे र त्यस अङ्गको प्रयोग गरेर बोक्रामा साना चिरा पार्छे। त्यसपछि ती चिराभित्र अण्डाहरू राखेर ऊ त्यहाँबाट जान्छे र आफ्ना सन्तानलाई फेरि कहिल्यै देख्दिन।

अण्डाबाट बच्चा निस्केपछि ती रूखबाट तल झर्छन्, जमिनभित्र पसेर रूखका जराबाट आउने रस चुस्दै जीवन बिताउँछन्। त्यसको सत्र वर्षपछि तिनीहरू पूर्ण विकसित सलहका रूपमा जमिनबाट बाहिर निस्कन्छन्।

कुनै-कुनै सलह त ठ्याक्कै सत्र वर्ष पूरा भएको दिनमै जमिनबाट बाहिर निस्कन्छन् भन्ने कुरा पनि रिपोर्ट गरिएको छ। विकासवादको सिद्धान्तले सलहको यस्तो अद्भुत जीवन-चक्रको पर्याप्त व्याख्या गर्न सक्दैन। परमेश्वरको सृजनात्मक बुद्धि र सामर्थ्य मानव समझभन्दा धेरै पर छ।



- A Closer Look at the Evidence

Richard & Tina Kleiss

## पापहरूको स्वीकार

पहिलो यूहन्नाको १:७ मा लेखिएको छ “उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई **सब पाप**बाट शुद्ध पार्छ।” यसको माने विश्वासीका **सबै पापहरू**को सम्बन्धमा परमेश्वर ख्रीष्टको क्रूसमा पूर्ण रूपमा सन्तुष्ट हुनुभएको छ। त्यसैले  अब उहाँलाई कुनै थप प्रायश्चितको आवश्यकता छैन। हाम्रा पापहरू कहिल्यै परमेश्वरको उपस्थितिमा आउन सक्दैनन्, किनकि ती सबै पापहरू बोक्नुभई तिनलाई सधैँका लागि हटाइदिनुभएका ख्रीष्ट नै अहिले हाम्रो पक्षमा वकालत गर्ने अधिवक्ताको रूपमा परमेश्वरको उपस्थितिमा हुनुहुन्छ।

तर पापले परमेश्वरका दृष्टिमा हाम्रो अवस्थालाई परिवर्तन गर्न नसके तापनि, त्यसले परमेश्वरप्रति हाम्रो मनोभाव र उहाँसँगको हाम्रो संगतिलाई भने असर गर्न सक्छ, र वास्तवमै गर्छ। पाप परमेश्वरको उपस्थितिमा प्रवेश गर्न सक्दैन, तर हाम्रो चेतना र अनुभवमा भने प्रवेश गर्न सक्छ, र त्यसले हामीलाई गहिरो दुःख र लाजमा पार्न सक्छ। त्यसले परमेश्वरबाट हाम्रो अधिवक्तालाई लुकाउन सक्दैन, तर हाम्रो दृष्टिबाट भने उहाँलाई ओझेलमा पार्न सक्छ। पाप बाक्लो बादलझैँ हाम्रो आत्मिक क्षितिजमा छाउँछ, जसले गर्दा हाम्रो आत्माले हाम्रा पिताको प्रसन्न अनुहारको धन्य ज्योतिमा आनन्दित हुन सक्दैन। पापले परमेश्वरसँगको हाम्रो सम्बन्धलाई तोड्न सक्दैन, तर त्यस सम्बन्धको आनन्द र मिठासलाई भने गम्भीर रूपमा घटाउन सक्छ।

त्यसो भए हामीले के गर्नुपर्छ? परमेश्वरको वचनले उत्तर दिन्छ, “हामीले आफ्ना पापहरू स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ” (१ यूहन्ना १:६)। पाप स्वीकार गर्दा हाम्रो विवेक शुद्ध हुन्छ; परमेश्वरसँगको हाम्रो सम्बन्धको मधुर अनुभूति पुनःस्थापित हुन्छ; अन्धकारको बादल हट्छ; चिसो र ओइल्याउने प्रभाव समाप्त हुन्छ र परमेश्वरप्रति हाम्रो दृष्टिकोण फेरि सही अवस्थामा फर्कन्छ।

यही परमेश्वरले नियुक्त गर्नुभएको उपाय हो। वास्तवमा, जसले पाप स्वीकार गर्ने स्थानमा उभिनुको  अनुभव गरेको छ, त्यसले प्रेरितका यी शब्दहरूको ईश्वरीय सामर्थ्यलाई गहिरोसँग महसुस गर्नेछ: “मेरा साना नानीहरूहो तिमीहरूले पाप नगर भनी म यी कुराहरू तिमीहरूलाई लेख्दछु।” (१ यूहन्ना २:१)

- चार्ल्स एच म्याकिन्टोश

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ६ [४ मध्ये भाग १]

## प्रति-सुधार आन्दोलनदेखि रिट्शलको दर्शनसम्मको द्वन्द्व

### प्रति-सुधार आन्दोलन

प्रोटेस्टेन्टवादको उदय र यसको तीव्र विस्तारसँगै शैतानले दुईवटा चुनौतीहरूको सामना गर्नुपर्‍यो। पहिलो, सम्पूर्ण संगठित चर्चलाई प्रोटेस्टेन्ट बन्नबाट रोक्नु आवश्यक थियो। दोस्रो, प्रोटेस्टेन्टवादलाई नै समाप्त गर्नु आवश्यक थियो, किनभने त्यसले धेरै सत्यत्यागी शिक्षाहरूलाई अस्वीकार गरेको थियो र साँचो सुसमाचारको प्रचार गरिरहेको थियो। आफ्नो यो उद्देश्य पूरा गर्न शैतानले धार्मिक जोशको नयाँ लहर उत्पन्न गरायो, जसले सुधार आन्दोलनको प्रतिक्रियास्वरूप रोमन क्याथोलिक चर्चभित्र नयाँ जागरण ल्यायो। रोमन क्याथोलिक चर्चमा आएको यस पुनर्जागरणलाई प्रति-सुधार आन्दोलन (Counter Reformation) भनिन्छ।

प्रति-सुधार आन्दोलनको एउटा महत्त्वपूर्ण चरण ट्रेण्टको महासभा (Council of Trent) थियो, जुन सन् १५४५ देखि १५६३ सम्म बस्यो। यस महासभाले केही लाभदायक सुधारहरू अवश्य लागू गर्‍यो, तर यसले रोमन क्याथोलिक चर्चका धेरै परम्परागत सिद्धान्तहरूलाई पुनः दृढतापूर्वक पुष्टि पनि गर्‍यो। उदाहरणका लागि, यसले सिकायो कि मानिस विश्वास र त्यसपछि गरिने असल कामहरूद्वारा धर्मी ठहरिन्छ; सातवटा संस्कारहरू (sacraments) अनुग्रह प्राप्त गर्ने माध्यमहरू हुन्; प्रभुभोज एउटा बलिदान हो; र चर्चको परम्परालाई पवित्रशास्त्रसरह अधिकार प्राप्त छ। साथै, पहिलो पटक चर्चले अपोक्रिफा (apocrypha) पुस्तकहरूलाई पवित्रशास्त्रको प्रमाणित (क्यानोनिकल) भाग घोषणा गरी तिनलाई बाइबलसरह अधिकार दियो। यसरी उक्त महासभाले रोमन क्याथोलिक चर्चका विश्वासहरूलाई एउटा आधिकारिक शिक्षा–प्रणालीको रूप दियो, जुन त्यसका सबै सदस्यहरूका लागि बाध्यकारी बनाइयो। यसरी शैतानले सम्पूर्ण रोमन क्याथोलिक चर्चलाई नयाँ नियमका शिक्षाहरूमा फर्किनबाट रोक्न आफ्नो उद्देश्यमा सफलता प्राप्त गर्‍यो।

### प्रति-सुधार आन्दोलन

प्रति-सुधार आन्दोलनले जेसुइटहरू (Jesuits) नामक एउटा मठवासी सङ्घको जन्म दियो, जसको उद्देश्य प्रोटेस्टेन्टवादको विरोध गर्नु र रोमन क्याथोलिक धर्मको विस्तार गर्नु थियो। उनीहरूले प्रायः अनैतिक उपायहरू अपनाए तापनि, जेसुइटहरू पोल्यान्ड, दक्षिणी नेदरल्यान्ड्स र जर्मनीका विशाल भूभागहरूलाई पुनः रोमन चर्चको अधीनमा ल्याउन सफल भए। उनीहरूका मिसनरीहरूले आफ्नो विश्वासलाई अन्य धेरै देशहरूमा पनि फैलाए।

रोमन चर्चले इन्डेक्स (Index) पनि जारी गर्‍यो, जसमा चर्चका सदस्यहरूलाई पढ्न निषेध गरिएका पुस्तकहरूको सूची समावेश थियो। यस सूचीले चर्चका सदस्यहरूलाई प्रोटेस्टेन्ट साहित्य पढ्नबाट रोक्यो। यसरी शैतानले उनीहरूलाई नयाँ नियमका शिक्षाहरूको सम्पर्कमा आउनबाट जोगाउन सफल भयो।

अन्ततः प्रति-सुधार आन्दोलनले प्रोटेस्टेन्टवादविरुद्धको सङ्घर्षमा सतावटको पनि सहारा लियो। रोमन क्याथोलिक चर्चको नियन्त्रणमा रहेका राज्य सरकारहरूलाई सुधार आन्दोलनको विश्वासलाई पूर्ण रूपमा निर्मूल पार्न उक्साइयो। यस कार्यमा स्पेनको सरकारले चर्चको पक्षमा अग्रणी भूमिका निर्वाह गर्‍यो। स्पेन र नेदरल्यान्ड्स दुवैमा इन्क्विजिसन (Inquisition) स्थापना गरियो। हजारौँ मानिसहरूलाई यातना दिइयो र जीवितै जलाइयो। धेरैलाई आफ्नो प्रोटेस्टेन्ट विश्वास त्याग्न बाध्य पारियो। नेदरल्यान्ड्समा स्पेनी सेनाले यस्तो आतंकपूर्ण शासन चलायो कि कम्तीमा सत्र हजार मानिसहरूलाई मृत्युदण्ड दिइयो।

फ्रान्समा सरकारले ह्युगेनोटहरू (Huguenots) माथि सन् १५३८ देखि १५५६ सम्म कठोर सतावट चलायो। त्यसपछि सन् १५५६ देखि १५६८ सम्म उनीहरूविरुद्ध आठवटा रक्तपातपूर्ण युद्धहरू भए। सन् १५७२ को सेन्ट बार्थोलोम्यु हत्याकाण्ड (St. Bartholomew's Day Massacre) मा दस हजारदेखि बीस हजारसम्म प्रोटेस्टेन्टहरू आफ्नो विश्वासकै कारण मारिए।

इङ्ग्ल्यान्डमा रानी मेरी ट्युडर (सन् १५५३–१५५८) ले करिब तीन सय प्रोटेस्टेन्ट पास्टरहरूलाई मृत्युदण्ड दिइन् र अरू धेरैलाई देश छोड्न बाध्य पारिन्। पछि रानी एलिजाबेथ प्रथम ले प्रोटेस्टेन्ट-वादलाई पुनः स्थापित गरेपछि, पोपले इङ्ग्ल्यान्डमा



*प्रोटेस्टेन्टहरूको खेदो गर्ने ‘रक्ताम्मे मेरी’*

गुरिल्ला युद्ध सञ्चालन गर्न जेसुइटहरूलाई तालिम दिन थाले। साथै, उनले स्पेनका राजालाई रोमन चर्चको पक्षमा इङ्ग्ल्यान्डमाथि आक्रमण गर्न प्रसिद्ध "अजेय" स्पेनी आरमाडा (Spanish Armada) पठाउन पनि प्रेरित गरे। आरमाडा सन् १५८८ मा समुद्रतर्फ प्रस्थान गर्‍यो, तर अङ्ग्रेज नाविकहरूको उत्कृष्ट समुद्री सीप, प्रतिकूल मौसम र मानवीय नियन्त्रणभन्दा बाहिरका अन्य परिस्थितिहरूका कारण त्यसले अत्यन्त लज्जास्पद पराजय भोग्यो। यसरी परमेश्वरले स्पेनको त्यो महान् आक्रमणलाई विफल पारिदिनुभयो।

यसरी परमेश्वरले रोमन चर्चको सबैभन्दा शक्तिशाली नौसैनिक शक्तिलाई परास्त गर्नुभयो र इङ्ग्ल्यान्डलाई युरोपमा प्रोटेस्टेन्टवादको प्रमुख रक्षकको रूपमा स्थापित गर्नुभयो। यस पराजयले प्रोटेस्टेन्टवादको पक्षलाई इङ्ग्ल्यान्डमा मात्र होइन, नेदरल्यान्ड्समा पनि बलियो बनायो, साथै स्पेनको शक्ति पनि सीमित गरिदियो।

सन् १६०६ सम्म आइपुग्दा युरोपको अधिकांश भाग प्रोटेस्टेन्टवाद र रोमन क्याथोलिकवादका दुई शसस्त्र पक्षमा विभाजित भइसकेको थियो। राजनीतिक मात्र होइन, धार्मिक कारणहरूले पनि यी दुई पक्षलाई तीस वर्षे युद्ध (सन् १६१८–१६४८) मा धकेल्यो। अन्ततः वेस्टफेलियाको सन्धि (Peace of Westphalia) द्वारा यो युद्धको अन्त्य भयो। त्यसपछि लुथरनवाद र क्याल्भिनवादलाई आधिकारिक रूपमा मान्यता प्राप्त धर्म घोषित गरियो, र प्रोटेस्टेन्ट तथा रोमन क्याथोलिक राज्यहरूको सीमाना निर्धारण गरियो। यससँगै सुधार आन्दोलनको युग समाप्त भयो र रोमन चर्चद्वारा प्रोटेस्टेन्टहरूमाथि हुँदै आएको व्यवस्थित सतावट पनि अन्त्य भयो। यसरी परमेश्वरले प्रोटेस्टेन्टवादलाई बाह्य रूपमा नष्ट हुनबाट जोगाउनुभयो।

## प्रोटेस्टेन्टवादमाथिका आन्तरिक आक्रमणहरू

शैतानले बाह्य शक्तिहरूद्वारा प्रोटेस्टेन्टहरूको सुसमाचारको साक्षीलाई नष्ट गर्ने प्रयास गरिरहेको मात्र थिएन, उसले आन्दोलनलाई भित्रैबाट बदनाम र ध्वस्त पार्ने काम पनि गरिरहेको थियो। प्रोटेस्टेन्ट समूहहरूले रोमन चर्चका धेरै सत्यत्यागी शिक्षाहरूलाई अस्वीकार गरेका भए तापनि, तिनीहरूमध्ये धेरैले रोमन चर्चका केही विश्वास र अभ्यासहरू भने अझै कायम राखेका थिए। धेरैजसो प्रोटेस्टेन्ट समूहहरूले भविष्यमा स्थापना हुने ईश्वरशासित राज्यको अवधारणालाई अस्वीकार गरे। उनीहरूको विश्वासमा तिनीहरूको आफ्नै चर्च नै पृथ्वीमा परमेश्वरको राज्य थियो, र त्यसले पुरानो नियमको समयमा इस्राएलले निभाएको जस्तै भूमिका निर्वाह गर्नुपर्थ्यो। यसको अर्थ चर्च र राज्य एकीकृत हुनुपर्छ, र राज्यले चर्चका नीतिहरू लागू गराउनुपर्छ भन्ने थियो। साथै, चर्चको आधिकारिक शिक्षाभन्दा फरक विश्वास राख्ने कसैलाई पनि सहनु हुँदैन भन्ने धारणा प्रबल थियो। यी अवधारणाहरू पवित्रशास्त्रविपरीत थिए। यी गलत विश्वासका कारण केही प्रोटेस्टेन्ट समूहहरूले पनि रोमन चर्चले अपनाएको जस्तै नीति अवलम्बन गरे—अर्थात् फरक विश्वास राख्नेहरूमाथि निर्मम सतावट चलाए। यसरी शैतानले प्रोटेस्टेन्ट आन्दोलनलाई बदनाम गर्न सफल भयो।

एनाब्याप्टिस्टहरू (Anabaptists) भने फरक विश्वास भएकाहरूलाई सताउने नीतिको दृढ विरोध गर्थे। उनीहरू विश्वस्त थिए कि चर्च र राज्यलाई अलग राखिनुपर्छ, र कुनै पनि चर्चले आफ्ना विश्वासहरू अरूमाथि बलपूर्वक थोपर्नु हुँदैन। यस विश्वासको एउटा प्रमुख कारण के थियो भने, धेरै एनाब्याप्टिस्टहरूले चर्च नै पुरानो नियममा प्रतिज्ञा गरिएको राज्य हो भन्ने धारणालाई अस्वीकार गरेका थिए। बरु, उनीहरू भविष्यमा स्थापना हुने ईश्वरशासित राज्यमा विश्वास गर्थे।

शैतानले भविष्यको राज्यसम्बन्धी यस शिक्षालाई समाप्त पार्ने उद्देश्यले एनाब्याप्टिस्ट आन्दोलनलाई नै नष्ट गर्ने प्रयास गर्‍यो। अन्य प्रोटेस्टेन्ट समूहहरूका केही शिक्षाहरूसँग एनाब्याप्टिस्टहरू सहमत नभएकाले उनीहरूमाथि कठोर सतावट चलाइयो। यसरी शैतानले सुधार आन्दोलनका विभिन्न समूहहरूलाई एक-अर्काविरुद्ध प्रयोग गर्‍यो। धेरै एनाब्याप्टिस्टहरूले आफ्नो ज्यान गुमाए, तर परमेश्वरले यस आन्दोलनलाई भने जोगाइरहनुभयो। भविष्यको राज्यसम्बन्धी शिक्षालाई नष्ट गर्न नसकेपछि, शैतानले त्यस शिक्षालाई बदनाम गर्ने प्रयास गर्‍यो। त्यसका लागि उसले जर्मनीको म्युन्स्टर (Münster) मा रहेका उग्रवादी एनाब्याप्टिस्टहरूको एउटा समूहलाई प्रयोग गर्‍यो। उनीहरूले भविष्यको राज्यसम्बन्धी शिक्षामा पवित्रशास्त्रविपरीत चरम विचार र अभ्यासहरू मिसाए। तिनीहरूका उग्र कार्यहरूले भविष्यको राज्यसम्बन्धी शिक्षालाई मात्र बदनाम गरेनन्, बरु प्रोटेस्टेन्टहरू र रोमन क्याथोलिकहरू दुवैबाट अझ बढी सतावट पनि निम्त्याए।

साभार: What On Earth Is God Doing by Renald Showers

*(क्रमशः आगामी अंकमा)*

## बालबालिकासामु झूटको अभिनय नगर्नुहोस्

पास्टर रोबर्ट हललाई झूट र कुनै पनि प्रकारको छलकपटप्रति यति गहिरो घृणा थियो कि यस विषयमा बोल्दा उहाँ कहिले-काहीँ अत्यन्तै स्पष्ट र निर्भीक हुनुहुन्थ्यो। डा. ग्रेगरीले उहाँको जीवनीमा उल्लेख गरेको निम्न घटना त्यसैको एउटा उल्लेखनीय उदाहरण हो।

एक साँझ उहाँ आफ्ना एक मित्रको घरमा अतिथि हुनुहुन्थ्यो। त्यहाँ पाहुनाका रूपमा बसेकी एउटी महिलाले आफ्नी चार वर्षकी छोरी-लाई सुताउन भनेर केहीबेरका लागि कोठाबाट बाहिर निस्किन्। करिब आधा घण्टापछि फर्केर उनले नजिकै बसेकी अर्की महिला-लाई भनिन्, "ऊ त सुतिसकी। मैले पनि सुत्न लागेको जस्तो गरी रातिको टोपी लगाएँ र उसको छेउमा पल्टिएँ। त्यसपछि ऊ चाँडै निदाई।"



यो कुरा सुन्नुभएका श्री हलले विनम्रतापूर्वक भन्नुभयो, "महोदया, क्षमा गर्नुहोस्, के तपाईं आफ्नी छोरी ठूलो भएपछि झूट बोल्ने बानी भएको मानिस बनोस् भन्ने चाहनुहुन्छ?"

ती महिलाले तुरुन्तै उत्तर दिइन्, "हाय, कदापि होइन, महोदय! त्यस्तो कुरा त सोच्न पनि सक्दिनँ।"

श्री हलले भन्नुभयो, "त्यसो भए कृपया मैले भन्न लागेको कुरा नराम्रो नमान्नुहोस्। तपाईंले उसको अगाडि कहिल्यै झूटको अभिनय गर्नु हुँदैन। बालबालिका अत्यन्तै तीक्ष्ण निरीक्षक हुन्छन्। उनीहरूले चाँडै सिक्छन् कि कुनै कुरा वास्तवमा जे होइन, आफूलाई त्यही हो जस्तो देखाउनु नै झूट हो—त्यो शब्दद्वारा व्यक्त गरिएको होस् वा व्यवहारद्वारा।"

उहाँले यी वचनहरू यति सौम्यतापूर्वक भन्नुभयो कि कसैले पनि त्यसलाई अपमान ठानेन। तर उहाँको स्वरमा यस्तो गम्भीरता थियो कि ती शब्दहरू सुन्नेहरूले जीवनभर बिर्सन सकेनन्।

- JFH

## परमेश्वरको उपस्थितिबाट प्राप्त हुने ७ वटा आशिष

**माथि** — रक्षा गर्न। "आजको दिनमा यो जान...कि माथि स्वर्गमा...परमप्रभु नै परमेश्वर हुनुहुन्छ" (व्यवस्था ४:३६)

**तल** — थाम्न र अड्याउन। "मनिपट्टि अनन्त पाखुराहरू छन्" (व्यवस्था ३३:२७)

**दाहिनेपट्टि** — रक्षा गर्न। "उहाँ मेरो दाहिने हातपट्टि हुनुहुन्छ, यसैले म डगमगाउनेछैन" (भजनसंग्रह १६:८)

**पछाडि** — पछाडिको सुरक्षा गर्न। परमेश्वर तिमीहरूको पछिल्तिरको रक्षक हुनुहुनेछ (यशैया ५२:१२)

**अघि** — बाटो तयार पार्दै अगुवाइ गर्न। "मचाहिँ तिम्रो अघि-अघि जानेछु" (यशैया ४५:२)

**चारैतिर** — ढाल बनेर घेर्न। "परमप्रभु आफ्ना जनहरूको चारैतिर रहनुहुन्छ" (भजनसंग्रह १२५:२)

**भित्र** — आफ्नो आत्माद्वारा बास गर्न। "अनि म मेरो आत्मा तिमीहरूभित्र हालिदिनेछु" (इजकिएल ३६:२७)

- Fellowship

## बाइबलको सुनौलो पद

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो -- उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस् तर उसले अनन्त जीवन पाओस्।" यूहन्ना ३:१६

बाइबलका सबै पदहरूमध्ये यो पद सबैभन्दा धेरै प्रिय र परिचित पदहरूमध्ये एक हो। यसको मुख्य कारण यही हो कि यसले परमेश्वरको असीम प्रेमलाई अत्यन्त सरल, स्पष्ट र हृदयस्पर्शी ढङ्गले प्रकट गर्दछ। यस पदले निम्न सत्यताहरू उजागर गर्दछ:

१. प्रेमको स्वरूप — यस्तो प्रेम गर्नुभयो
२. प्रेमको स्रोत — परमेश्वर
३. प्रेमको विषय — संसार
४. प्रेमको उपहार — परमेश्वरका एकमात्र पुत्र, येशू ख्रीष्ट
५. प्रेमको उद्देश्य — उहाँमाथि विश्वास गर्ने र उहाँलाई ग्रहण गर्ने प्रत्येक व्यक्ति नाश नहोस्, तर उसले अनन्त जीवन पाओस्।

परमेश्वरले तपाईंलाई अर्को एक कदम चाल्न पर्याप्त ज्योति नदिई कहिल्यै छोड्नुहुनेछैन। त्यसैले ज्योति जहाँसम्म देखाउँछ, त्यहाँसम्म आज्ञाकारी भएर अघि बढिरहनुहोस्।

*सम्पादकको टिप्पणी: यदि तपाईंलाई आत्मिक विषयमा मार्गदर्शन चाहिएको छ, वा यस महान् पदको अर्थ अझ स्पष्टसँग बुझ्न चाहनुहुन्छ भने, कृपया हामीलाई सम्पर्क गर्नुहोस्। हाम्रो ठेगाना र मोबाइल नम्बर तल दिइएका छन्।*

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310